# अर्जुनधारा राजपत्र

अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ ,संख्या ८ ,शनिश्चरे, पौष २६,२०८० साल


## भाग २

## अर्जुनधारा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको सूचना

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०/०९/२५ गतेको बैठकबाट पारित भएको तल लेखिए बमोजिमको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन पहिलो संशोधन कार्यविधि, २०८० सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**अर्जुनधारा नगरपालिका नगर अस्पताल संचालन व्यवस्थापन कार्यविधि,२०७९ लाई संशोधन गर्न बनेको कार्यविधि,२०८०**

नगर कार्यपालिकाबाट स्वीकृत मिति-२०८०/०९/२५

अर्जुनधारा नगरपालिकाको अर्जुनधारा नगरपालिका नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

अर्जुनधारा नगरपालिका नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९ को परिच्छेद १६ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ:**(१)यो कार्यविधिको नाम"अर्जुनधारा नगरपालिका नगर अस्पताल संचालन तथा व्यवस्थापन ( पहिलो संशोधन) कार्यविधि,२०८०" हुनेछ।

(२)यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२.परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) मूल कार्यविधि भन्नाले "अर्जुनधारा नगरपालिका नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९" लाई सम्झनु पर्दछ।

**३. मूल कार्यविधिमा संशोधन:**मूल कार्यविधिमा देहाय बमोजिम संशोधन गरिएको छ :

(१)परिच्छेद (१) को दफा (१) को उपदफा (२) मा भएको "को राजपत्रमा प्रकाशन" भन्ने वाक्यांश झिकि उक्त वाक्यांशको सट्टा "बाट स्वीकृत" भन्ने वाक्यांश थपिएको छ।

(२) परिच्छेद (१) को दफा (२ ) उपदफा (७) को वाक्यको शुरुमा "नगर अस्पताल" थप गरीएको छ।

(३)परिच्छेद २ को दफा ३ "अर्जुनधारा नगरपालिकाको "र "प्रचलित कानून बमोजिम प्रदान गरिने संचालन अनुमतिबाट अस्पताल संचालन गरिनेछ" को बीचमा "नगर अस्पताल संचालन व्यवस्थापन कार्यविधि ( संशोधन सहित),२०८०" भन्ने वाक्यांश थप गरिएको छ।

(४) दफा ९ को उपदफा (१)( दोस्रो क्रमको) लाई उपदफा (२) बनाई उक्त उपदफाको "प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश" भन्ने वाक्यांश झिकिएको छ।

(५) दफा (९) को उपदफा (४)(चौथो क्रमको )लाई उपदफा (५ )बनाई उक्त उपदफाको "नगरपालिकाले दिएको निर्देशन र स्वीकृत" भन्ने वाक्यांश झिकि उक्त वाक्यांशको ठाउँमा"आवश्यक" भन्ने शब्द थप गरिएको छ।

(६) दफा (९) को उपदफा( ५)(पाँचौ क्रमको) लाई उपदफा (६) बनाई उक्त उपदफा मा रहेको वाक्यांश "गरि तोकिएको अबधिभित्र नगरपालिकामा पेश गर्ने" झिकी उक्त ठाँउमा "गर्न लगाई सो को

स्वीकृत गरि कार्यान्वयन गर्न लगाउने” भन्ने वाक्यांश थप गरिएको छ।

(७) दफा (९) को उपदफा (८) नवौं क्रमको लाई उपदफा (९) बनाई उक्त उपदफाको “व्यवस्थापन गर्ने” भन्ने वाक्यांश झिकि उक्त वाक्यांशको ठाउँमा “कार्यको नीतिगत मार्गप्रशस्त गर्ने” वाक्यांश थप गरिएको छ।

(८) दफा ९ को उपदफा १३ लाई तेह्रौं क्रमको लाई उपदफा १४ बनाई उक्त वाक्यांशको अन्त्यमा “प्रक्रियागत रुपमा कर्मचारी नियुक्त गर्दा समयमै कार्यसम्पन्न हुन नसक्ने हुँदा स्वास्थ्य सेवा प्रवाहको गुणस्तरीयतामा कमि आउने भएकोले तत्काल जनशक्ति व्यवस्थापन गरि स्वास्थ्य सेवालाई निरन्तर बनाई सेवा प्रवाहमा कुनै पनि कमिकमजोरी आउन नदिनको लागि योग्यताका आधारमा अर्को व्यवस्था नहुञ्जेल सम्मका लागि सोझै बार्ताबाट कर्मचारीलाई ज्यालादारीमा कामकाजमा लगाई अस्पतालको आन्तरिक श्रोतबाट सो वापतको व्ययभार व्यहोर गर्ने गरि निर्णय गर्ने र कामकाजमा लगाइने व्यक्तिको कार्यसम्पादन तथा कार्यदक्षताको विषयमा मे.सु.र अस्पताल प्रशासनको राय समेत लिई अन्तिम निर्णय गर्ने” भन्ने वाक्यांश थप गरिएको छ।

(९) दफा (९ )को उपदफाहरुको क्रम संशोधन गरिएको छ।

(१०) दफा (१०) को उपदफा (२) लाई झिकी उक्त उपदफामा “कोषको संचालन मे.सु./कार्यालय प्रमुख वा निजले तोकेको अस्पताल प्रशासन शाखा प्रमुख र अस्पताल लेखा प्रमुख वा लेखा

हेर्ने कर्मचारी वा व्यवस्थापन समितिको निर्णय बमोजिम जिम्मेवारी तोकिएको व्यक्तिको संयुक्त दस्तखतबाट अस्पतालको नाममा रहेको खाता संचालन गरिनेछ" भन्ने वाक्यांश थप गरिएको छ।

(११) दफा (१०) को उपदफा (३) मा भएको" बिबिध खर्च" भन्ने वाक्यांशलाई झिकि उक्त वाक्यांशको ठाँउमा "शनिश्चरे अस्पतालको नाममा रहेको " भन्ने वाक्यांश थप गरिएको छ।

(१२)दफा (१०) को उपदफा (४) मा भएको "कार्यालयको " भन्ने शब्दको ठाँउमा "शनिश्चरे अस्पतालको" भन्ने वाक्यांश थप गरिएको छ साथै सोही उपदफाको" बिबिध खर्च" भन्ने वाक्यांश झिकिएको छ ।

(१३) दफा (१०) को उपदफा (५) मा भएको "कार्यालयको " भन्ने शब्दको ठाँउमा "शनिश्चरे अस्पतालको" भन्ने वाक्यांश थप गरिएको छ साथै सोही उपदफामा भएको" बिबिध" भन्ने शब्द झिकि उक्त शब्दको ठाँउमा "शनिश्चरे अस्पतालको " भन्ने वाक्यांश थप गरिएको छ।

(१४) दफा (१०) को उपदफा (६) मा "उक्त कार्यका लागि अर्जुनधारा नगरपालिकाले सम्बन्धित निकायसंग समन्वयात्मक कार्य गर्नेछ" भन्ने वाक्यांश थप गरिएको छ।

(१५) दफा १० को उपदफा ७ थप गरि उक्त उपदफामा "अस्पतालको सम्पुर्ण आर्थिक तथा प्रशासनिक कार्यका लागि अस्पताल

व्यवस्थापन तथा संचालन समितिको नेतृत्वमा अस्पताल स्वतन्त्र रहनेछ'' भन्ने वाक्य थप गरिएको छ।

(१६) दफा १० को उपदफा ८ थप गरि उक्त उपदफामा ''अस्पताल विकास कोषमा अर्जुनधारा नगरपालिकाले नगर अस्पतालको सामयिक क्षमता वृद्धि लगायत नियमित कार्यका लागि आबश्यक रुपमा अनुदानको रुपमा बजेटको व्यवस्था गरि उक्त अस्पताललाई पुर्ण क्षमतामा संचालन गर्नुपर्नेछ ''भन्ने वाक्य थप गरिएको छ।

(१७)दफा ११ को उपदफा १९ को अन्त्यमा'' अस्पालमा आवश्यक पर्ने नेपाल सरकारले उपलब्ध गराउने नि: शुल्क औषधिहरुको सम्बन्धित निकायले उचित व्यवस्थापन गर्नुपर्नेछ'' भन्ने वाक्य थप गरिएको छ।

(१८)दफा १२ को उपदफा १ मा भएको ''अर्जुनधारा नगरपालिकाले थप गर्ने सेवाहरु प्रदान गर्नेछ '' भन्ने वाक्यांश झिकि उक्त वाक्यांशको ठाउँमा ''लगायत अपरेशन सहित अन्य विस्तारित सेवाहरु समेत व्यवस्थापन समितिको निर्णय बमोजिम अस्पतालले संचालन गर्नेछ'' भन्ने वाक्यांश थप गरिएको छ।

(१९) दफा १२ को उपदफा १ ख ५ को अन्त्यमा ''तथा फिजियोथेरापि सेवा'' थप गरिएको छ।

(२०) दफा १२ को उपदफा १ ख ७ थप गरी ''सामयिक रुपमा थप गरिएका शल्यक्रिया सेवा तथा विस्तारित अन्य सेवा'' थप गरिएको छ।

(२१) दफा १२ को उपदफा ९ भएको “बिर्तामोड” भन्ने शब्द झिकि उक्त ठाँउमा “अर्जुनधारा” भन्ने शब्द थप गरिएको छ।

(२२) दफा १३ मा भएकोअंक “९” लाई झिकि उक्त ठाँउमा “१२ ”अंक थपिएको छ।

(२३) दफा १४ को उपदफा १ मा भएको “९ (३)”लाई झिकि उक्त ठाँउमा “१२ (१)(ग)”थपिएको छ।

(२४) दफा १५ को उपदफा १ को“ हुनेछ” भन्ने शब्द झिकि उक्त ठाँउमा “तथा अस्पतालको आवश्यकतानुसारको हुनेछ” भन्ने वाक्यांश थप गरिएको छ।

(२५)दफा १५ को उपदफा १ क मा “२) प्रशासन तथा स्टोर प्रमुख -१ जना” र “३) सहलेखापाल/लेखापाल-१ जना” थप गरिएको छ साथै दफा १५ को उपदफा १ क ९ पछाडि“(क्लिनिकल सेवा लगायत अन्य सेवाका लागि आवश्यक पर्ने जनशक्ति आवश्यकतानुसार व्यवस्थापन समितिको निर्णय र अस्पतालको आवश्यकता बमोजिम थपघट हुनेछ।) भन्ने वाक्य थप गरिएको छ।

(२६) दफा १५ को उपदफा १२ को शुरुमा “एनेस्थेसियोलोजिष्ट र ” र अन्त्यमा “वा आवश्यकतानुसार” थप गरिएको छ।

(२७) दफा १५ को उपदफा २ मा भएको “विर्तामोड नगरपालिकाको कानून ” भन्ने वाक्यांश झिकि उक्त ठाँउमा “शनिश्चरे अस्पताल संचालन व्यवस्थापन समितिको निर्णय” बमोजिम हुनेछ भन्ने वाक्यांश थप गरिएको छ।

(२८) दफा १५ को उपदफा ३ मा "अस्पतालका लागि आवश्यक पर्ने कर्मचारीहरु अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम नियुक्त गरिनेछतथा कर्मचारीहरुको उमेरहद लगायत  छनौटको मापदण्ड शनिश्चरे अस्पताल संचालन व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ  र सो को सम्पुर्ण व्ययभार अस्पतालको आन्तरिक श्रोतबाट व्यहोर गरिनेछ" भन्ने वाक्य थप गरिएको छ।

(२९) दफा १६ को उपदफा १ को "१० (४)"लाई झिकि "१२ (१)(च)" थप गरिएको छ तथा सोही दफाको उपदफा १ ज मा भएको अर्जुनधारा नगरपालिकाबाट स्वीकृत भन्ने वाक्यांश झिकी उक्त वाक्यांशको ठाँउमा "शनिश्चरे अस्पताल व्यवस्थापन संचालन समितिको अध्यक्षबाट स्वीकृत" भन्ने वाक्यांश थप गरिएको छ।

(३०) दफा १६ को उपदफा १मा "( झ ) सेवाग्राहीको स्वास्थ्यलाई सर्वोत्तम हितमा राखि गुणस्तरीय औषधिजन्य सामाग्री खरिदका लागि ड्रग एण्ड थेराप्युटिक कमिटिको निर्णयलाई सर्वाधिकार मानि औषधिको खरिदमा ब्रान्ड / ट्रेड नेम तोक्न सकिनेछ।" भन्ने वाक्य थप गरिएको छ।

(३१) दफा १६ को उपदफा १ मा "(ञ) अस्पतालले अस्पतालको परिसरमै सेवाग्राहीको सुबिधालाई मध्यनजर गर्दै अस्पताल व्यवस्थापन संचालन समितिको निर्णय बमोजिम स-शुल्क फार्मेसी संचालन गर्न सक्नेछ।" भन्ने वाक्यांश थप गरिएको छ।

(३२)दफा १७ को उपदफा १ ख मा भएको १३ (१)(ख)(४) लाई झिकी उक्त ठाँउमा "१५ (१)(१०)" थपिएको छ।

(३३) दफा ३०" च" को शुरुमा "खरिद तथा " भन्ने वाक्यांश थपि सोही दफाको (च)मा "(७) अस्पतालले अस्पतालका आवश्यक पर्ने सम्पुर्ण जिन्सी,औषधिजन्य ,मसलन्द लगायत अन्य खरिद संग सम्बन्धित सम्पुर्ण कार्यहरु कार्यालय प्रमुखकको स्वीकृतिमा खरिद गर्न सक्नेछ ।" भन्ने वाक्य थप गरिएको छ ।

(३४)"परिच्छेद ६ " पछाडिका दफाहरु सबैमा क्रमाङ्कमा गलत भएकोले प्रत्येक दफामा एक/एक नम्बर वृद्धि गरि कायम गरिएको छ ।

(३५)परिच्छेद १५ को शीर्षकमा "नर्स" शब्द "तथा" शब्दको बीचमा "प्रशासनिक" शब्द थपिएको छ ।दफा ३७ मा "नर्स" शब्द र"तथा" शब्दको बीचमा "प्रशासनिक" शब्द थपिएको छ साथै सोही दफाको अन्त्यमा "अन्य आवश्यकीय व्यवस्था" समेत थप गरीएको छ ।दफा ३७ को उपदफा १ मा भएको "प्रदेश नं १ सरकार" भन्ने वाक्यांशलाई झिकि उक्त ठाँउमा "कोशी प्रदेश सरकार" थपिएको छ । दफा ३७ को उपदफा ३ को अन्त्यमा "उक्त श्रोतबाट अपुग भएमा अर्जुनधारा नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउने छ ।" भन्ने वाक्य थप गरिएको छ । दफा ३७ को उपदफा ४ मा भएको "अर्जुनधारा नगरपालिकाको" भन्ने वाक्यांश झिकि उक्त वाक्यांशको ठाँउमा "शनिश्चरे अस्पताल संचालन व्यवस्थापन समितिको" भन्ने वाक्यांश थप गरिएको छ ।

(३६) दफा ३७ मा उपदफा ५ थप गरि "अस्पतालमा खटिएका अस्पताल संचालन व्यवस्थापन समिति तर्फका कर्मचारीहरुको तलब

तथा पोशाक भत्ता अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे अनुसार अस्पतालको कोषबाट भुक्तानी गरिनेछ ।अस्पताल संचालन व्यवस्थापन समितिको निर्णय बमोजिम प्रक्रियागत रुपमा अस्पतालको कोषबाट सेवासुविधा पाउने कर्मचारीहरुको तलब वृद्धि गर्नु परेमा श्रोतको सुनिश्चितता गरि अस्पताल संचालन व्यवस्थापन समितिको निर्णय बमोजिम गर्न सकिनेछ। " भन्ने वाक्य थप गरिएको छ।

(३७)दफा ३७ मा उपदफा ६ थप गरि "नेपाल सरकार तर्फका स्थायी कर्मचारीहरु,छात्रवृति करार तर्फका कर्मचारीहरुको तलब भत्ता नेपाल सरकारले तोके बमोजिम हुनेछ तर अतिरिक्त काम गरे वापतको सेवा सुविधा शनिश्चरे अस्पताल संचालन व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(३८)दफा ३७ मा उपदफा ७ थप गरि "शनिश्चरे अस्पतालमा स्वास्थ्य विमा तथा अन्य विस्तारित स्वास्थ्य सेवा लागु भइ विभिन्न विशेषज्ञ सेवाहरु विस्तार भए पश्चात सेवाग्राहीहरुको संख्या वृद्धि भइ नियमित समयमा मात्र सेवा संचालन गर्दा सेवा लिन कठिनाई हुने भएकोले अस्पतालबाट प्रदान हुने सेवाहरुलाई व्यवस्थित गर्न तथा छिटो छरितो बनाउन दैनिक विरामी दर्ता विहान ७ बजेबाट तथा जनरल ओ.पि.डि. दैनिक विहान ८ बजेबाट साँझ ५ वजेसम्म ,२४ सै घण्टा अनकल सेवा ,२४ सै घण्टा एक्स-रे सेवा,२४ सै घण्टा प्रयोगशाला सेवा,२४ सै घण्टा फार्मेसी सेवा,२४ सै घण्टा अन्तरंग सेवा,२४ सै घण्टा अपरेशन सेवा,२४ सै घण्टा विलिङ सेवा,२४ सै

घण्टा ए.एन.सि.सेवा,२४ सै घण्टा आकस्मिक सेवा संचालन गर्दा सेवाग्राहीको अनुपातमा जनशक्ति कम भएको हुँदा कार्यबोझ बढेकोले विशेषज्ञ चिकित्सकलाई पलायन हुन नदिई यसै अस्पतालमा निजहरुको सेवा निरन्तरताको लागि उत्प्रेरणा जगाउन अस्पतालको आवश्यकता ,बजेटको अवस्था ,सम्बन्धित कर्मचारीहरुले हाँसिल गरेको विशेषज्ञता र सो सेवाले सेवाप्रदायक संस्थालाई पुर्याउने लाभको अध्ययन गरि थप प्रोत्साहन स्वरुप विशेषज्ञ चिकित्सकलाई खाईपाई आउको तलबको आधारमा ७५ प्रतिशत देखि १५० प्रतिशत सम्म तथा मेडिकल अफिसरहरुलाई अनुभवको आधारमा तपशिल बमोजिमको सेवा सुबिधा उपलब्ध गराउन सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

तपशिल

- २ बर्षसम्म सेवाअबधि भएमा –खाईपाई आएको तलबको बढीमा ३० प्रतिशत सम्म
- २ बर्षदेखि ५ बर्षसम्म सेवाअबधि भएमा-खाईपाई आएको तलबको बढीमा ३५ प्रतिशत सम्म
- ५ बर्षभन्दा माथि जतिसुकै सेवाअबधि भएमा-खाईपाई आएको तलबको बढीमा ४० प्रतिशत सम्म

(३९) दफा ३७ मा उपदफा ८ थप गरि"शनिश्चरे अस्पतालमा कार्यरत चिकित्सक बाहेकका अन्य कर्मचारीहरुको मनोबल उच्च राख्न

कर्मचारीहरुलाई पर्न जाने कार्यबोझको अध्ययन गरि निजहरुलाई आफ्नो जिम्मेवारीप्रति थप उत्प्रेरणा प्रदान गर्नकाल लागि स्थायी कर्मचारीहरुको हकमा खाईपाई आएको तलबको १० प्रतिशत देखि १५ प्रतिशत सम्म र अस्पतालका अन्य कर्मचारीहरुको हकमा खाईपाई आएको तलबको १० प्रतिशत देखि १५ प्रतिशत सम्म थप सेवा सुबिधा प्रदान गर्न सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४०) दफा ३७ मा उपदफा ९ थप गरि "अस्पतालको स्तरोन्नतिका लागि स्त्री तथा प्रसुति रोग विशेषज्ञ तथा एम.डि.जि.पि.को अत्यावश्यक भएको हुँदा अस्पताल संचालन व्यवस्थापन समितिबाट निर्णय गरि विशेषज्ञ सेवालाई विस्तार गर्न सकिनेछ साथै अन्य विशेषज्ञ सेवा समेत व्यवस्थापन समितिको निर्णयबाट विस्तार गर्न सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४१)दफा ३७ मा उपदफा १० थप गरि"बिशेषज्ञ सेवा विस्तार भएपश्चात मेजर तथा माइनर शल्यक्रियाको शुरुवात गरिनेछ र सो को लागि आवश्यक पुर्बाधार ,जनशक्ति,औजार उपकरणलाई प्राथमिकताका साथ अगाडि वढाउन सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४२) दफा ३७ मा उपदफा ११ थप गरि "अस्पतालमा हाल संचालनमा रहेको ल्याव सेवा पूर्ण रुपमा संचालन गर्न साथै सेवाग्राहीहरुलाई समयमै सेवा उपलब्ध गराउनका लागि उक्त सेवाको स्तरोन्नति गर्नुपर्ने भएकोले सो को लागि आवश्यक पुर्वाधार,औजार उपकरण तथा जनशक्ति व्यवस्थापनको कार्य शनिश्चरे अस्पताल

प्रशासनको जिम्मेवारी अन्तरगत हुनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४३)दफा ३७ मा उपदफा १२ थप गरि "शनिश्चरे अस्पतालका लागि आवश्यक पर्ने कर्मचारीहरु करार/प्याकेजमा करार तथा ज्यालादारी /प्याकेजमा ज्यालदारीमा नियुक्ति गर्दा सो को लागि आवश्यक न्युनतम योग्यता,उमेरहद लगायत अन्य आवश्यकीय मापदण्डहरु तोक्ने जिम्मेवारि शनिश्चरे अस्पताल प्रशासनको हुनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४४)दफा ३७ मा उपदफा १३ थप गरि "अस्पतालमा दैनिक संचालन भएका सेवाहरुको तथ्यांक र प्रतिवेदन तयार गर्ने मेडिकल रेकर्डर नभएको अबस्थामा अन्य कर्मचारीहरुमध्ये सो सम्बन्धि ज्ञान भएको कर्मचारीलाई कामकाजमा खटाई थप सुबिधा स्वरुप मासिक रु ३०००। प्रोत्साहन वापत प्रदान गर्न सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४५)दफा ३७ मा उपदफा १४ थप गरि "प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता नेपाल सरकारको निर्णय बमोजिम तथा अन्य कर्मचारीहरुलाई समेत अतिरिक्त समय र सार्वजनिक बिदाको दिनमा समेत कार्यालयको काममा लगाए वापतको पारिश्रमिक खाईपाई आएको तलबको आधारमा नियामानुसार उपलब्ध गराउन सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४६)दफा ३७ मा उपदफा १५ थप गरि "अस्पतालमा भएको मेजर तथा माइनर अपरेशन वापत अस्पतालको आम्दानी जम्मा भएको

बिमा तथा नन विमा वापतको रकमको प्रत्यक्ष खर्च कटौति गरि बाँकी रहेको रकमको ५० प्रतिशत रकम अस्पताल कोषमा जम्मा गरि बांकी रहेको रकमलाई शतप्रतिशत मानि सर्जनलाई ५४ प्रतिशत,एनेस्थेसियोलोजिष्टलाई १४ प्रतिशत,सर्जरी असिष्टेण्टलाई १० प्रतिशत, नियोनेटल रिसक्सिएन चिकित्सकलाई ५ प्रतिशत स्टाफ नर्सलाई १० प्रतिशत,सहयोगिलाई २ प्रतिशत,प्रशासनलाई ४ प्रतिशत र लेखालाई १ प्रतिशत भुक्तानि दिन सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४७)दफा ३७ मा उपदफा १६ थप गरि"अस्पतालमा उपलब्ध नभएका सेवा लिने सेवाग्राहीहरु अत्याधिक भई सेवा नदिएको खण्डमा तथा धैरै सेवाग्राहीहरुलाई रेफर गर्नुपर्ने अवस्था भएमा अस्पताललाई आर्थिक नोक्सानी हुने साथै सेवाग्राहीहरुलाई समेत सेवा लिन कठिनाई हुने भएकोले अस्पतालको आवश्यकता बमोजिमको विशेषज्ञ चिकित्सक पार्ट टाइमको रुपमा स्थानीय स्तरमै उपलब्ध भएको अस्पताल संचालन व्यवस्थापन समितिको निर्णय बमोजिम कार्यालय प्रमुखले अस्पताललाई आर्थिक नोक्सानी नहुने गरी सम्बन्धित विशेषज्ञ चिकित्सक संग सम्झौता गरि सेवा थप गर्न सकिनेछ।"भन्ने वाक्य थप गरिएको छ।

(४८)दफा ३७ मा उपदफा १७ थप गरि "शनिश्चरे अस्पतालमा रेडियोलोजि विशेषज्ञको दरवन्दी नभएको तथा अस्पतालमा यु.एस.जि. सेवा लिन आउने सेवाग्राहीहरुको संख्या अत्याधिक भएकोले उक्त सेवा संचालन नगरिएमा अस्पतालाई आर्थिक

नोक्सानी हुने साथै सेवाग्राहीहरुलाई समेत सेवा लिन अन्यत्र जानुपर्ने भएकोले रेडियोलोजिष्टको अतिरिक्त अस्पतालको मे.सु (एम.डि.जि.पि.)बाट समेत भिडियो एक्स-रे संचालन गर्न सकिनेछ । उक्त सेवा दिए बापत सम्बन्धित चिकित्सकलाई यु.एस.जि.वापत हुन आउने रकमको ५० प्रतिशत रकम प्रदान गरि सेवालाई निरन्तरता दिन सकिनेछ ।”भन्ने वाक्य थप गरिएको छ ।

(४९)दफा ३७ मा उपदफा १८ थप गरि “२४ सै घण्टा सेवा उपलब्ध गराउने चिकित्सक लगायत अन्य कर्मचारीहरुलाई व्यवस्थापन समितिको निर्णय बमोजिम आवासको व्यवस्थापन गर्न सकिनेछ ।”भन्ने वाक्य थप गरिएको छ ।

(५०)दफा ३७ मा उपदफा १९ थप गरि “अस्पतालबाट प्रदान गरिने सेवाहरुको सेवाशुल्क विमा तर्फका विमित सेवाग्राहीहरुको हकमा स्वास्थ्य विमा बोर्डले तोके बमोजिम तथा अन्य सेवाग्राहीहरुको हकमा अस्पताल संचालन व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।”भन्ने वाक्य थप गरिएको छ ।

(५१)दफा ३७ मा उपदफा २० थप गरि “विशेषज्ञ चिकित्सकहरुको हकमा अस्पताल व्यवस्थापन समितिद्धारा गरिएको निर्णय तथा सम्झौतानुसार तलव भत्ता निर्धारण हुनेछ ।” भन्ने वाक्य थप गरिएको छ ।

(५२) दफा ३८ मा “आवश्यकता अनुसार ” को पछाडि“नगर अस्पताल संचालन व्यवस्थापन समितिको सिफारिसमा” भन्ने वाक्यांश थप गरिएको छ ।

(५३) दफा ३९ मा“बाधा आई परेमा ”को पछाडि “नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा ” भन्ने वाक्यांश थप गरिएको छ।

(५४) परिच्छेद १६ विविध मा थप एक दफा थप गरि दफा ४१ बनाई उक्त दफामा “यस कार्यविधि संशोधन हुनु अगावै भएका कार्यहरु समेत यसै कार्यविधि बमोजिम भएको मानिनेछ।”भन्ने वाक्य थप गरिएको छ।

**आज्ञाले,**
तिलोचन रिमाल
अर्जुनधारा नगरपालिका नगर
कार्यपालिकाको कार्यालयको
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र